स्थानीय सरकार

# तारकेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

दाङसिङ, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.स.: ०८१/८२

च.न.:

मितिः २०८१/११/०४

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

यस तारकेश्वर गाउँपालिका कार्यालयमा लागि तपशिल बमोजिमका पदमा खुल्ला प्रतियोगितात्मक परीक्षाबाट सेवा करारमा पदपुर्ती गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्युनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यस तारकेश्वर गाउँपालिकाको कार्यालयमा यो सूचना प्रकाशित भएको मितिबाट १५ दिन भित्र दरखास्त पेश गर्नुपर्ने छ।

तपशिलः

| क्र. सं. | विज्ञापन नं | पद | श्रेणी /तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | १४-२०८१/८२ | फिल्ड सहायक | स्थानीय सेवाको सहायक चौथो तह सरह | १ | |
| २ | १५-२०८१/८२ | मनोसामाजिक परामर्शकर्ता | स्थानीय सेवाको सहायक पाचौ तह सरह | १ | |

- **<u>आवेदकको उमेर हदः</u>**
  १. फिल्ड सहायक पदको लागि दरखास्त पेश गर्ने अन्तिम मितिमा १८ वर्ष पुरा गरि ४० वर्ष ननाघेको,
  २. मनोसामाजिक परामर्शकर्ता पदको लागि दरखास्त पेश गर्ने अन्तिम मितिमा २१ वर्ष पुरा गरि ४० वर्ष ननाघेको,
- **<u>आवश्यक न्युनतम योग्यता र अनुभव</u>**
  क) फिल्ड सहायक पदको लागि –
    १. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण।
    २. आधारभुत कम्प्युटर सिप सम्बन्धी कम्तीमा तीन(३) महिना तालिम प्राप्त गरेको
  ख) मनोसामाजिक परामर्शकर्ता पदको लागि –
    १. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्व विद्यालयबाट पब्लिक हेल्थ/नर्शिङ्ग/ मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/ स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तिर्ण गरको वा पोष्ट ग्राजुएट डिप्लोमा ईन काउन्सेलिङ उतीर्ण गरेको।
    २. कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान तथा अनुभव ( वर्ड, एक्सेल, पावर पोईन्ट ईमेल, ईन्टरनेट सम्बन्धी) प्राप्त
    ३. मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाणपत्र भएकोलाई विशेष प्राथमिकता दिईनेछ।
- **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातः** निवेदन, नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको र चारित्रिक प्रमाण पत्र को प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि, तालिम, अनुभवको प्रमाण पत्र( उपलब्ध भएमा) प्रतिलिपि, व्यवसाय अनुमती प्रमाणपत्रको प्रतिलिपि, प्रचलित कानुन अनुसार काउन्सिल

सिर्जना अर्याल
प्रमुख प्रशासकीय अ[illegible]



CamScanner

स्थानीय सरकार

# तारकेश्वर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

दाङसिङ, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.स.: ०८१/८२

च.न.:

वा परिषद वा अन्य दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि। साथै आवेदन म्याद सकिएपछि प्राप्त भएका वा रितपुर्वक नआएको आवेदन उपर कारवाही हुने छैन।

- दरखास्त दिने स्थानः तारकेश्वर गाउँकार्यपालिकाको कार्यालय, तारकेश्वर गाउँपालिका-१, दाङसिङ, नुवाकोट। साथै ईमेल मार्फत दरखास्त दिनेहरुले यस गाउँपालिकाको Website: www.tarakeshwormunnuwakot.gov.np बाट दरखास्त फारम Download गरी सम्पुर्ण विवरण भरेर यस गाउँपालिकाको हिमालयन बैङ्क लि. तारकेश्वर शाखामा रहेको तारकेश्वर गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०५८०७५९४२८००९८ मा दरखास्त दस्तुर जम्मा गरेको रसिद सहित सम्पुर्ण आवश्यक कागजपत्रहरु स्क्यान गरी ittarakeshwormun@gmail.com मा Email पठाउन सकिनेछ। दरखास्त दिने म्याद भन्दा पछि जम्मा गरिएको दरखास्त दस्तुरको रसिद मान्य हुने छैन र त्यस किसिमको दस्तुर वापतको रकम फिर्ता गर्न कार्यालय बाध्य हुने छैन। साथै ईमेल मार्फत दरखास्त पेश गर्ने उमेद्वारहरुले परिक्षाको समयमा सम्पुर्ण कागजातहरुको सक्कल सहित उपस्थित हुनुपर्नेछ।
- दरखास्त दिने अन्तिम मितिः २०८१/११/१८ गते कार्यालय समय सम्म।
- दरखास्त दस्तुरः आवेदकले आवेदन दिने पद अनुसार तपशिल बमोजिम दरखास्त दस्तुर वापत रकम यस गाउँपालिका कार्यालयको हिमालयन बैङ्क लि. तारकेश्वर शाखामा रहेको तारकेश्वर गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०५८०७५९४२८००९८ मा जम्मा गरि सक्कल रसिद सहित आवेदन पेश गर्नु पर्नेछ। ईमेल मार्फत दरखास्त दिनेहरुले परिक्षा दिन आउँदा सक्कल रसिद ल्याउनु पर्नेछ। दरखास्त दिने म्याद भन्दा पछि जम्मा गरिएको दरखास्त दस्तुरको रसिद मान्य हुने छैन र कार्यालयले त्यस किसिमको दस्तुर वापतको रकम फिर्ता गर्न बाध्य हुने छैन।

| पद | आवेदन दस्तुर |
|---|---|
| फिल्ड सहायक | रु.५०० |
| मनोसामाजिक परामर्शकर्ता | रु.५०० |

- परिक्षाको किसिमः
  - मनोसामाजिक परामर्शकर्ता पदको हकमा लिखित, कम्प्युटर सिप परिक्षण र अन्तरवार्ता परिक्षा,
  - फिल्ड सहायक पदको हकमा संक्षिप्त सुची प्रकाशन र अन्तरवार्ता परिक्षा

सिर्जना अर्याल

प्रमुख प्रशासकीय अधिकृत

सिर्जना अर्याल

प्रमुख प्रशासकीय अधिकृत